// 

# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७५/०७६

च.नं. १२५४

मिति :- २०७५/११/२१

श्री भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
भद्रपुर, झापा ।

**विषय :-आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमको सहमति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँको प.सं. २०७५/०७६ च.नं. ७०६, १७६३ कमश: मिति २०७५/०७/३०, ११/१९ को पत्रसाथ संलग्न गरिएको सडक मर्मत संभार सम्बन्धी बार्षिक कार्यक्रम कमश: मिति २०७५/०७/३०, ११/२१ मा प्राप्त भई व्यहोरा अवगत भयो । त्यस निकायको स्वामित्वमा रहेको स्थानीय सडकहरू मध्ये प्राथमिकताको आधारमा कालोपत्रे सडकको नियमित, पटके, आवधिक र विशेष मर्मत संभारको बार्षिक कार्य जिम्मेवारी पूर्वक तहाँबाट नै छनौट तथा स्वीकृत गरी छनौट प्रकृयामा सडक बोर्डको निर्देशिका वमोजिम फरक नपर्ने गरी प्रतिबद्धता सहित पठाइएको निम्न वमोजिमको बार्षिक कार्यक्रममा यस बोर्डको सहमति रहेको छ । यसरी सहमति प्रदान गरिएको सडक मर्मत संभार सम्बन्धि बार्षिक कार्यक्रम प्रचलित नियमानुसार संचालन, सम्पादन तथा सम्पन्न गरी समझदारी पत्रमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू पेश गर्नहुन अनुरोध छ । साथै चालु आ.व.को जेष्ठ मसान्त भित्र स्वीकृत बार्षिक कार्यकमको कम्तीमा ७०% प्रगति पेश गरी सम्झौता बमोजिमको रकम निकासा लिनुहुन समेत अनुरोध गरिन्छ ।

**स्वीकृत कार्यकमको विवरण**

| सि.नं. | सडकको नाम | किसिम | कुल लम्बाई (कि.मि.) | मर्मत लम्बाई (कि.मि.) | कुल लागत (रु.) | सडक बोर्डले व्यहोर्ने रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | वडा नं ७ मेघा टोलको बाटो, पुरानो आरसियू कार्यालय अगाडिको बाटो, आनि होटल अगाडि र चन्द्रगढी मावि पछाडिको बाटो | कालोपत्रे | १.९ | १.९ | ३,०८३,८४०.०० | २,१५८,६८८.०० |
| २ | वडा नं ५।६ अन्तर्गत प्रदिप बस्त्रालय देखि राम भवन र सिनेमा हल जाने बाटो | कालोपत्रे | ०.५ | ०.४ | १,२६७,११०.०० | ८८६,९७७.०० |
| ३ | वडा नं ६ अन्तर्गत कन्हा चोक देखि सिटि गार्डेन सम्मको बाटो | कालोपत्रे | ०.४ | ०.४ | १,३३५,१९०.०० | ९३४,६३३.०० |
| ४ | वडा नं ५।६ अन्तर्गत मो.हुसेन को घर देखि शिव मन्दिर जाने बाटो | कालोपत्रे | ०.९ | ०.९ | १,६५१,१८०.०० | १,१५५,८२६.०० |
| ५ | वडा नं ८ अन्तर्गत पृथ्वी निमावि अगाडिको बाटो | कालोपत्रे | ०.३ | ०.३ | ४२९,६९०.०० | ३००,७८३.०० |
| ६ | वडा नं १।२ अन्तर्गत सगरमाथा चोक देखि दशरथपुर जाने बाटो | कालोपत्रे | ५.५ | ५.५ | ६०१,२००.०० | ४२०,८४०.०० |
| ७ | वडा नं १० अन्तर्गत विपि चोक देखि प्रज्ञा स्कूल जाने बाटो र लेखनाथ चोक देखि हटिया जाने बाटो | कालोपत्रे | १.१ | १.१ | ३,०६०,६००.०० | २,१४१,०००.०० |
| | जम्मा | | | | ११,४२८,८१०.०० | ७,९९[illegible],७४७.०० |

Basnet
डा. कृष्ण सिंह बस्नेत
कार्यकारी निर्देशक

**बोधार्थ :**

१) श्रीमान् अध्यक्षज्यू, सडक बोर्ड नेपाल ।
२) श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
योजना महाशाखा, सिंहदरबार ।
३) श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
४) श्री लेखा शाखा, सडक बोर्ड नेपाल ।
५) श्री प्राविधिक शाखा, सडक बोर्ड नेपाल ।
६) श्री प्रशासन शाखा : उपरोक्तानुसारको पत्र वेभसाईटमा अपलोड हुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. :+९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np

# सडक बोर्ड नेपाल तथा स्थानीय निकाय बीच सडक मर्मत संभार कार्यको लागि गरिएको समझदारी पत्र
## (Memorandum of Understanding)

सडक बोर्ड नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने कार्यकारी निर्देशक (त्यसपछि प्रथम पक्ष भनेर संबोधन गरिएको) र सम्बन्धित भद्रपुर नगरपालिका को तर्फबाट प्रतिनिधित्व गर्ने प्रमुख प्रशासकिय अधिकृत (त्यसपछि दोश्रो पक्ष भनेर संबोधन गरिएको) बीच यो समझदारी कायम भएको छ ।

१. सडक बोर्ड ऐन २०५८ सडक बोर्ड नियमावली २०६० सडक बोर्ड निर्देशिका २०६१, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४,कार्यकारी समितिको निर्णय तथा निर्देशनको परिधि भित्र रही सावधानिपूर्वक एवम दक्षताका साथ कार्य गर्न/गराउन आवश्यक श्रोत र साधन समेतको समुचित व्यवस्थापन गरी निर्दिष्ट गुणस्तर तथा वातावरणिय संतलुन कामय राख्दै दोश्रो पक्षबाट तोकिएको सडक मर्मत सम्भार प्राथमिकता का आधारमा स्वीकृत तथा प्रथम पक्षबाट सहमति भएका सडक मर्मत सम्भार सम्बन्धी वार्षिक कार्यक्रम अनुरुपको सडक मर्मत कार्य सम्पन्न गर्ने गराउने प्रतिबद्धता दोश्रो पक्षले व्यक्त गर्छ ।

२. दोश्रो पक्षद्वारा ठेक्का वा उपभोक्ता समिति मार्फत संचालित कार्य, प्रथम पक्ष वा यसका प्रतिनिधि वा डोलिडारले निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने भएकोले सम्बन्धित सम्पूर्ण रस्तावेज उपलब्ध गराउने तथा निरीक्षणमा आवश्यक सहयोग उपलब्ध गराउने दायित्व दोश्रो पक्षको हुनेछ । नेपाल सरकारको अधिकारिक निकायहरुबाट निरीक्षणको क्रममा संचालित कार्यक्रमको गुणस्तर तथा प्रगति निर्धारित माप दण्ड अनुरुप नभएको जानकारी बोर्डलाइ प्राप्त भएमा बोर्डले उपलब्ध गराउने रकम रोक्का गर्न सक्नेछ ।

३. बोलपत्र स्वीकृत एवम प्रथम पक्षको सहमति अनुसारको कार्यक्रम चालु आ.व. के जेष्ठ मसान्त भित्र कम्तिमा ७० प्रतिशत को प्रगति पेश गरी सम्झौता बमोजिमको रकम निकासा लिइ सक्नुपर्ने छ ।

४. प्रथम पक्षले रकम निकासा दिंदा सडक बोर्ड निर्देशिका २०६१ दफा ४७ ले निर्धारण गरेको माप दण्डको परिधिभित्र रही निकासा दिने प्रतिवद्धता व्यक्त गर्दछ । यसरी निकासा दिंदा पहिलो निकाशा रकम स्वीकृत बजेट अनुसार उपलब्ध गराइने छ र बाँकी रकम संचालित कार्यक्रम को प्रगति तथा सम्झौता वा ठेक्का रकमको आधारमा हुनेछ ।

५. मासिक प्रतिवेदन, चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन,खर्चको फांटवारी लगायत अन्य आवश्यक विवरण प्रथम पक्ष समक्ष पेश गर्ने जिम्मेवारी दोश्रो पक्षको हुने छ ।

६. सडक बोर्डको वार्षिक योजना (IAP) अनुसारको रकम मात्र प्रथम पक्षले दोश्रोपक्षलाई उपलब्ध गराउने सक्नेछ ।

७. आर्थिक वर्षभित्र विशेष वा कावु बाहिरको परिस्थितिको कारण सबै कार्य पूरा गर्न नसकेको अवस्थामा सम्पन्न भएका कार्यको मात्र खर्च लेखांकन गरिने छ । बांकी कार्यहरु अर्को आर्थिक वर्षको कार्यक्रममा समावेश गर्न सकिने छ ।

८. दोश्रो पक्षको मातहत भित्र रहेका सम्पूर्ण सडकको तथ्यांक सडक बोर्डले निर्दिष्ट गरेको ढांचामा हरेक वर्ष पेश गर्नु पर्ने छ । प्रथप पक्षले विवरण प्राप्त गरेपछि उपलब्ध श्रोतको आधारमा आगामि आ.व.को लागि बजेट सिलिङ्ग उपलब्ध गराउनुपर्ने छ । र सो कार्य समान्यतया चालु आ.व. को श्रावण महिनाभित्र गनु पर्ने छ ।

९. दोश्रो पक्षले बजेट सिलिङ्ग स्थानीय सडकमर्मत सम्भार सम्बन्धि वार्षिक कार्यक्रमको सहमतिका आधार स्थानीय निकायले व्यहोर्नु पर्ने म्याचिङ्ग फण्ड समेत समावेश गरी चालु आ.व. को कार्तिक मसान्त भित्र सडक मर्मत सम्भारको वार्षिक कार्यकम स्वीकृत गरी प्रथम पक्षको सहमतिका लागि पेश गर्नु पर्ने छ ।

१०. कुनै कारण वश कार्यक्रम संशोधन । थप गराउनु पर्ने भएमा वा विषेश कारणवश कार्तिक मसान्त भित्र कार्यक्रम स्वीकृत हुन नसकेको अवस्थामा चालु आ.व. भित्रै सम्पन्न गर्ने प्रतिवद्धता साथ ढिलोमा चालु आ.व.को फाल्गुन मसान्त भित्र वार्षिक कर संशोधित । थप कार्यक्रम प्रथम पक्षको सहमतिका लागि पेश गर्नुपर्ने छ ।

११. दोश्रो पक्षले चालु आ.व.को असाढ मसान्त भित्र खर्च गर्न नसकेको एकमुष्ट वचत रकम सडक बोर्डमा फिर्ता गर्नुपर्ने छ ।

१२. कार्य सम्पन्न भएपछि दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदनं , अन्तिम प्रगति प्रतिवोदन, अन्तिम लेखा परिक्षण र कार्यको गुणस्तरीय भए नभएको प्राविधिक पुष्टयाईको विवरण साथै माग भएका अन्य विवरण भदौ पहिलो साता भित्र प्रथम पक्षलाईउपलब्ध गराउनुपर्ने छ ।

१३. सडकबोर्ड नेपाल तथा डोलिडारको अनुगमनको कममा सम्बन्धित निकायले प्राथमिकताको क्रम बाहेक अन्य कार्यमा खर्च गरेको पाइएमा आगामी बर्षको कार्यक्रममा विनियोजित रकम घटाउन रोक्न सक्ने छ ।

१४. कार्य सम्पादन मूल्यांकनको आधारमा डोलिडार वा प्रथम पक्ष आफैले प्रत्येक निकायको उभचायचकबलअभ मूल्यांकन गर्ने छ भन्ने दुवै पक्षलाई मंजुर छ ।

**प्रथम पक्षको तर्फबाट**

नाम : इ. कृष्ण सिंह [illegible]

पद : कार्यकारी निर्देशक

दस्तखत :

कार्यालयको छाप :

मिति :

**साक्षी :**

नाम : इ. [illegible] ज्ञवाली

पद : प्राविधिक निर्देशक

दस्तखत :

**दोश्रो पक्षको तर्फबाट**

नाम : तुलसि बहादुर श्रेष्ठ

पद : प्रमुख प्रशाशकिय अधिकृत

दस्तखत :

प्रमुख प्रशासकीय अधिकृत

कार्यालयको छाप :

मिति :२०७५।०७।२५

**साक्षीहरु :**

नाम : योगेन्द्र रंजितकार

पद : ईन्जिनियर

दस्तखत :

Scanned by CamScanner